बज्रवाराही खानेपानीको साधारणसभा जग्गादातालाई सम्मान । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१६, अंक-२३ ● २०८० पौष ०२ गते सोमबार, ● 18 Dec., 2023, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## सुहानालाई 'थाहा आइडल'को उपाधि, बेष्ट डान्सर सन्ध्या थापा घोषित



◆ विकास संवाददाता

'थाहा आइडल'को उपाधि सुहाना गोपालीले हासिल गरेकी छिन् । चौथो थाहा महोत्सवको अवसरमा आयोजित एकल नृत्यमा उत्कृष्ट पाँच प्रतिस्पर्धीलाई पछि पार्दै गोपालीले उपाधी चुमेकी हुन् । सुहानाले २ हजार ९ सय ८७ भोट प्राप्त गरिन् ।

यसैगरी २ हजार ६ सय ७५ भोट प्राप्त गर्न सफल भएकी कृपा गोपाली द्वितीय र २ हजार ५ सय ९१ भोट प्राप्त गर्न सफल भएकी सन्ध्या थापा तृतीय हुन सफल भइन् । २ हजार २ सय १८ भोट पाएकी सोनिमा वाईवा चौथो, ६ सय ३१ मत पाएका अनिश लामा पाँचौं र २ सय ६९ मत पाएका विजय मगर छैठौं हुन सफल भएको प्रतियोगिताका संयोजक यादवजंग रायमाझीले जानकारी दिए । प्रतियोगितामा बेष्ट डान्सर सन्ध्या थापा घोषित भइन् ।

थाहानगर उद्योग वाणिज्य संघले आयोजना गरेको कृषि, पर्यटन व्यापार मेला चौथो थाहा महोत्सवको २६ मंसिरमा भएको समापन कार्यक्रममा प्रतिस्पर्धीहरूलाई पुरस्कार वितरण गरिएको थियो । भोटिङ्को आधारमा प्रतियोगिताको निर्णय सार्वजनिक गरेको हो । थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकालको अध्यक्षतामा भएको समापन कार्यक्रममा बागमती प्रदेशका अर्थमन्त्री बहादुर सिंह लामाको प्रमुख आतिथ्यता रहेको थियो । आइडल एकल नृत्य प्रतियोगितामा विजयी भएका प्रतिस्पर्धीलाई थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकालले पुरस्कार वितरण गरेका थिए ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय, चौथो, पाचौँ र छैठौं हुनेलाई क्रमशः नगद ३० हजार, २० हजार, १० हजार, ५ हजार, ३ हजार र २ हजार रूपैयाँसहित शिल्ड, मेडल प्रदान गरिएको थियो । प्रतियोगितामा निर्णायक एलिना राना मगर र बिजय श्याम अमात्य रहेका थिए ।

# थाहा अल्ट्रा रनको प्रस्ताव सार्वजनिक

विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहा नगरपालिकाका अधिकांश वडाहरू र इन्द्रसरोवर गाउँपालिकालाई समेत समेटेर थाहा एक्स.सी.एम. च्यालेन्ज र थाहा अल्ट्रा रन प्रतियोगिता आयोजना गरिने प्रस्ताव सार्वजनिक गरिएको छ । थाहा नगरपालिकाको शिखर क्लबले पाइनस होटलमा २५ मंसिरमा अन्तरक्रिया तथा पत्रकार सम्मेलनको आयोजना गरी प्रस्ताव सार्वजनिक गरेको हो ।

थाहा अभियान्ता रूपचन्द्र विष्टको जन्म स्थानको चिनारीसहित प्रमुख पर्यटकीय स्थलको परिचय गराउने उद्देश्यले प्रतियोगिताको आयोजना गर्न लागिएको आयोजक शिखर क्लबका अध्यक्ष विश्व अर्यालले जानकारी दिए । थाहानगरमा स्वदेशी तथा विदेशी पर्यटक भित्र्याउने लक्ष्यसहित मकवानपुरकै ठूलो र पहिलो प्रतियोगिताको रूपमा थाहा एक्स.सी.एम. च्यालेन्ज र थााह अल्ट्रा रनको आयोजना गर्ने क्लबका अध्यक्ष अर्यालले जानकारी गराएका थिए । प्रतियोगिताको लागि आयोजक शिखर क्लबले आधारभूत म्यापिङको काम समेत गरिसकेको जानकारी गराएको छ । करिब ६० किलोमीटर दुरी रहने थाहा एक्स.सी.एम. च्यालेन्ज र थााह अल्ट्रा रनमा स्थानीय, स्वदेशी तथा विदेशी खेलाडीहरूको समेत सहभागिता रहने अपेक्षा गरिएको छ ।



कृतिमानी धावक बैकुण्ठ मानन्धरको विशेष उपस्थितीमा भएको कार्यक्रममा थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली, एथ्लेटिक्स परिवारका अध्यक्ष राजन खत्री, प्रो स्पोर्टसका सञ्चालक रविन्द्र थापा, नेपाल साइक्लिङ संघका महासचिव रञ्जनराज भण्डारी, सदस्य देवेन्द्र बस्न्यातको समेत उपस्थिती रहेको थियो । कार्यक्रममा शिखर क्लबले आयोजना गर्ने गरी तयारी थालिएको थाहा एक्स.सी.एम. च्यालेन्ज र थाहा अल्ट्रा रनको विषयमा अतिथीहरूले सुझाव दिएका थिए । कृतिमानी धावक मानन्धरले खेलकुदसंगै यहाँको पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने कार्यक्रमका लागि सबै पक्ष मिलेर सफल बनाउनुपर्ने उल्लेख गरे । उनले आफूहरूको तर्फबाट हुन सक्ने सहयोग गर्ने प्रतिवद्धता जनाए । एथ्लेटिकक्स परिवारका अध्यक्ष राजन खत्रीले क्लबको तयारी निकै अघि बढिसकेकोले यस कार्यमा सहयोग सबैबाट भई सफल पार्न अघि सर्नुपर्ने बताए । अन्य अतिथीहरूले पनि थाहाका लागि सुहाउँदो प्रतियोगिता भएकोले पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने यस किसिमको खेलकुदलाई प्रचारप्रसार गरी आयोजना गर्नुपर्ने सुझाएका थिए ।

अन्तरक्रिया तथा पत्रकार सम्मेलनका अवसरमा प्रतियोगिताप्रति सकारात्मक हुँदै थाहा नगरपालिका प्रमुख विष्णु बहादुर विष्टले पालिकाको ध्येय नै पर्यटन प्रवर्द्धन गर्ने पनि भएकोले यस किसीमको प्रतियोगिताहरू आयोजनाका सबै पक्ष एकजुट हुनुपर्ने बताए । प्रमुख विष्टले थाहानगर भन्दा बाहिर बस्नेहरूपनि यसका लागि सकारात्मक भई सफल पार्न लाग्नुपर्ने बताए । प्रचार प्रसारका लागि हेटौंडा, काठमाण्डौंमा पनि विभिन्न विज्ञहरू र विषयगत पत्रकारहरूसंग छलफल गर्नुपर्ने उनको धारणा रहेको थियो । ठूलो कार्यक्रमहरू आयोजना गर्दा विभिन्न बाधा व्यवधानहरू पनि आइपर्ने बताउँदै नगर उपप्रमुख भरत गोपालीले त्यसलाई चिर्न सबै एकजुट हुन आवश्यक रहेको बताए । गोपालीले खेलकै माध्यमबाट पर्यटक भित्र्याउन सकिने हुँदा योजनावद्ध रूपमा अघि बढ्नुपर्ने बताए । उनले एक पटकको लागानी मात्र नभई नियमितता कसरी दिन सकिन्छ भन्ने कुराको पनि पहिल्यै योजना बनाउन सके यस किसिमको प्रतियोगिताहरू दीगो हुने सुझाव दिए ।

कार्यक्रममा नेकपा माओवादी केन्द्र थाहानगरका अध्यक्ष बिनोद लामा, नेपाल उद्योग वाणिज्य संघका बागमती प्रदेश सदस्य कविराज खत्री, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूर्षोत्तम ढकाल, लगायतका अतिथीहरूको उपस्थिती रहेको थियो ।

हेटौंडा उपमहानगरपालिका १९ नम्बर वडाको सार्वजनिक सन्देश

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरू समयमै सम्बन्धित वडा कार्यालयहरूमा गई दर्ता गराउन हुन समस्त नगरबासीमा अनुरोध गर्दछौं ।

हेटौंडा उपमहानगरपालिका, १९ नम्बर वडा कार्यालय, मकवानपुर



## • सम्पादकीय •

# सहकारीमा बढ्दो जोखिम

पछिल्लो समय सहकारी क्षेत्रमा ठूलो बेथिति बढ्दै गएको छ । जसले गर्दा कतिपय ठूलो कारोवार गर्ने सहकारीको बचत जोखिममा पर्दै गएको छ । सहकारी क्षेत्र बेथितिको जालोमा जेलिनु र सदस्यहरुको बचत जोखिममा पर्नुका धेरै कारण होलान् तर मुख्य कारण सहकारीहरु सैद्धान्तिक अवधारणाअनुसार नचल्नु नै हो । सहकारी भनेको निश्चित स्थानका उस्तै आर्थिक हैसियत भएका मानिसले मिलेर चलाउने संस्था हो तर पछिल्लो समय केही सीमित व्यक्तिहरुले पसल खोलेजस्तो सहकारी खोल्ने, त्यसमा अनियिन्त्रितरुपमा बचत संकलन गरेर गैरकानुनीरुपमा लगानी गर्ने परिपाटीले समस्या सिर्जना भइरहेको छ । सहकारीलाई नियमन गराउनेतर्फ संघ, प्रदेश र स्थानीय सरकारसँग स्पष्ट योजना र कार्यक्रम देखिदैन । सहकारी संस्थाले सहकारीको सिद्धान्तअनुसार काम गरे मात्रै यस्ता बेथिति रोकिनेछन् । मुख्य कुरा त सहकारीलाई सहकारीको अवधारणाअनुसार सञ्चालन गर्नुपर्छ । सामान्यत: सहकारीको अर्थ सहकार्य गर्नु हो । कुनै पनि काम साझा गर्नु र एकआपसमा सहयोग आदानप्रदान गर्नु नै सहकारिता हो । समान हैसियत र समान उद्देश्य बोकेका एउटै समाजमा बसेका मानिसहरू मिलेर एकअर्काको हितका लागि काम गर्नु नै सहकारीको उद्देश्य हो ।

सहकारीको सिद्धान्त अनुसार समुदायले समुदायकै लागि सामूहिकरूपमा काम गर्ने यसको उद्देश्य भए पनि त्यसअनुसार सञ्चालन नगर्दा समस्या सिर्जना भइरहेको छ । पछिल्लो समयमा जुन–जुन सहकारीमा समस्या देखिएको छ, उनीहरुको संरचना हेर्ने हो भने सहकारी भन्दा पनि ठूला उद्योग वा कम्पनी मोडलमा सञ्चालन गरेको देखिन्छ । पछिल्लो समयमा एउटा टेलिभिजनमा लगानी गरेको भनिएका सहकारीको संख्या धेरै छ । समान हैसियत र समान उद्देश्य भएका समुदाय मिलेर संस्था सञ्चालन गर्नुको साटो यसमा धनी र टाटाबाठाको वर्चश्व बढ्दै जानु अनि बाँकी सदस्यहरुले उनीहरुकै नीतिनियम मान्नुपर्ने अवस्था नै नेपालका सहकारीको मूल समस्या हो । सहकारीलाई सहकारीकै अवधारणाअनुसार चलाउने हो भने समस्या आउँदैन । अहिले पनि देशभरि सहकारीकै सिद्धान्तअनुसार चलेका हजारौं सहकारी समस्यामा छैनन् । जुन सहकारी समस्यामा छन्, उनीहरु सिद्धान्तअनुसार चलेका छैनन् । नेपालको संविधानले जसरी सहकारीलाई अर्थतन्त्रको एउटा खम्बाको रुपमा स्वीकार गरेको छ, यही गतिमा सरकारले सहकारीको व्यवस्थापन र नियमनमा पनि ध्यान दिनुपर्छ ।

सहकारी दर्ता गर्ने बेलादेखि नै यो सहकारीको सिद्धान्तअनुरुप अघि बढ्न सक्छ कि सक्दैन भनेर मात्रै दर्ता गर्ने परिपाटीको विकास गर्नुपर्छ । सहकारीका सात सिद्धान्तको आम मान्यता नै स्थापित छ । खुला तथा ऐच्छिक सदस्यता, सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण, सदस्यहरुको आर्थिक सहभागिता, स्वायत्तता तथा स्वतन्त्रता, नियमित शिक्षा, तालिम र सूचना, सहकारीहरुबीच पारस्परिक सहयोग र समुदायप्रति चासो सहकारीका सात सिद्धान्त हुन् । सहकारीको दर्तादेखि नै यसमा कडाइ गरेर प्रभावकारी नियमनको व्यवस्था गर्नु आवश्यक छ । सहकारी क्षेत्रका समस्या समाधान गर्न प्रभावकारी नियमन आवश्यक छ, यसमा सवैधानिक दायित्वलाई ख्याल गरेर तीनै तहका सरकार गम्भीर हुनु आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५0७२३२२ र नरेन्द्र अधिकारी ९८५५0७0५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# वित्तीय अधिकार प्रयोगमा सधैंको अन्योल



◆ डा. हेमराज लामिछाने

हालै नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघले हेटौंडामा सातवटै प्रदेशका मुख्यमन्त्रीहरूको सहभागितामा तहगत सरकारको कार्यविस्तृतीकरण विषयक अन्तरक्रिया आयोजना गरेको छ। यही सन्दर्भमा वित्तीय अधिकार प्रयोगमा तीन तहको सरकार बीच अद्यापि कायम रहेको अन्योलका केही उदाहरण सहित बहस अगाडि बढाउन चाहन्छु ।

वित्तीय संघीयतालाई संस्थागत गर्ने ध्येयका साथ नेपालको संविधानले संघ, प्रदेश र स्थानीय सरकारहरूलाई वित्तीय अधिकार सम्बन्धी एकल र साझा सूचीको व्यवस्था गरेको छ । तथापि, संविधान लागू भएको सात वर्ष पुगिसक्दा पनि एकल र साझा अधिकारको प्रयोग बारे कानुनमा एकरूपता देखिंदैन । फलतः तीनै तहका सरकारबीच राजस्व संकलन सम्बन्धी प्रशासन गर्न र राजस्व बाँडफाँटको विषयलाई टुङ्गोमा पुऱ्याउन सकिएको छैन ।

स्थानीय सरकारको एकल अधिकारको रूपमा रहेको संस्थागत र व्यक्तिगत घरजग्गा वहालकर पूर्ण रूपमा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्दछ । तर, संस्थागत वहालकर आन्तरिक राजस्व कार्यालयले संकलन गरी संघीय सञ्चित कोषमा दाखिला गर्दै आएको छ। यसले स्थानीय सरकारको एकल अधिकार क्षेत्रमा संघीय सरकारको अतिक्रमण देखिन्छ। तसर्थ, संघीय सरकारले स्थानीय सरकारलाई एकल अधिकारको रूपमा घरजग्गा वहाल कर संकलन र उपयोग गर्न आवश्यक सहजीकरण र सहयोग गर्नुपर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क अनुसार स्थानीय सरकारहरूले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठदाउरा, जराजुरी, दहत्तर–बहत्तर आदिको बिक्री गर्ने र बिक्रीबाट प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्ने गरी एकल अधिकारका रूपमा कानुनी व्यवस्था रहेको छ ।

तर, प्रधानमन्त्री कार्यालयले जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले यस सम्बन्धमा उक्त नदीजन्य तथा निर्माणमुखी वस्तुहरू ढुङ्गा, गिट्टी, बालुवाको बिक्रीबाट प्राप्त राजस्व स्थानीय विभाज्य कोषमा राखी सोमध्ये ४० प्रतिशत रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । सोही मापदण्डका आधारमा सातवटै प्रदेश सरकारहरूले प्रदेश आर्थिक ऐनमा ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् तथा बिक्री स्थानीय सरकारले गर्ने र बिक्रीबाट प्राप्त राजस्व प्रदेश सञ्चित कोषमा ४० प्रतिशत र स्थानीय सञ्चित कोषमा ६० प्रतिशतले बाँडफाँट गर्ने व्यवस्था गरिएको छ ।

यसरी हेर्दा मापदण्डको प्रावधान र मापदण्डका आधारमा बनेका प्रदेश आर्थिक ऐनहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिन गएकोले यस विषयलाई गम्भीरताका साथ लिन जरूरी छ। संघीय ऐनसँग प्रदेश ऐनहरू र मापदण्ड बाझिन गएको हुँदा कार्यान्वयनमा समस्या देखिएको छ । यदि नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त राजस्व स्थानीय र प्रदेश सरकारका बीचमा बाँडफाँट गर्नुपर्ने नै हो भने स्थानीय सरकार सञ्चालन ऐनमा सोअनुरूप संशोधन गर्न आवश्यक छ ।

प्रदेश र स्थानीय सरकारका बीचमा साझा अधिकारको प्रयोग गर्ने विषयमा समेत केही अन्योलता रहेको देखिन्छ । जसमध्ये प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा रहेको सबैभन्दा महत्वपूर्ण कर भनेको सवारी साधन कर हो। यस सम्बन्धमा अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारी साधन करको दर निर्धारण र संकलन प्रदेश सरकारले गर्ने र सोबापत असुली भएको राजस्वमध्ये ६० प्रतिशत प्रदेश र ४० प्रतिशत स्थानीय तहका बीचमा बाँडफाँट गर्ने व्यवस्था रहेको छ ।

तर, यस सम्बन्धमा प्रदेश सरकारहरूले सवारी साधन अनुमतिपत्र तथा आवेदन दस्तुर, सवारी साधन दर्ता र सरूवा दर्ता दस्तुर, सवारी साधन सरूवा सहमति दस्तुर, सवारी साधन नामसारी गर्दा गरिने सनाखत दस्तुर, सवारी साधनको अस्थायी दर्ता दस्तुर, विदेशमा दर्ता भएका सवारी साधन चलाउने अनुमतिपत्र दस्तुर, सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुर आदिबाट प्राप्त राजस्व विभाज्य कोषमा नराखी प्रदेश सञ्चित कोषमा राख्ने गरी प्रदेश आर्थिक ऐन तर्जुमा गरी सोही अनुसार कार्यान्वयन गर्दै आएका छन् ।

यसरी सवारी साधन कर शीर्षकलाई कर र गैर–करका रूपमा विभाजन गरी गैरकर (सवारी साधनसँग सम्बन्धित सेवा शुल्क दस्तुर) बाट प्राप्त राजस्व स्थानीय तहलाई बाँडफाँट गर्ने गरेको पाइँदैन । यसबाट स्थानीय तहहरू अन्यायमा परेका छन् । यस विषयलाई पनि तीनै तहको सरकारको कार्यविस्तृतीकरण प्रतिवेदनमा स्पष्टसँग परिभाषित गर्न आवश्यक देखिन्छ। अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने व्यवस्था गरेको छ ।

साथै, सो बापत उठेको राजस्व स्थानीय सञ्चित कोषमा राख्ने व्यवस्था छ । तर, कोशी प्रदेश, मधेश र लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८० ले त्यस्ता सवारी साधनहरूको समेत दर्ता नवीकरण गर्ने र संकलित राजस्व विभाज्य कोषमा राख्ने कानुनी व्यवस्था गरेको छ। बाँकी प्रदेशहरूले त्यस्ता साना सवारी साधन करको दर निर्धारण र संकलन गर्ने काम सम्बन्धित स्थानीय तहले गर्ने गरी ऐन तर्जुमा गरेका छन्। तथापि, त्यस्ता साना सवारी साधनहरूको दर्ता तथा नवीकरण अझैसम्म स्थानीय तहमा हुनसकेको अवस्था छैन ।

यसरी टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्साको दर्ता तथा नवीकरण शुल्क समेत स्थानीय सरकारहरूले आफैं प्रशासन गरेर स्थानीय सञ्चित कोषमा दाखिला गर्न नसकेको विषयलाई पनि कार्यविस्तृतीकरण प्रतिवेदनमा स्पष्ट पार्न जरूरी देखिन्छ । प्रदेश र स्थानीय तहबीचको अर्को महत्वपूर्ण साझा अधिकारका रूपमा रहेको घरजग्गा रजिष्ट्रेशन शुल्क हो । यस सम्बन्धमा अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को एकल कर प्रशासन सम्बन्धी प्रावधान अनुसार दर निर्धारण प्रदेश सरकारले गर्ने र राजस्व संकलन तथा बाँडफाँट स्थानीय सरकारले गर्ने व्यवस्था गरेको छ । स्थानीय सरकारको आफ्नो छुट्टै प्रशासन नभएकोले हाललाई संघीय सरकारको अन्तर्गत रहेको नापी तथा मालपोत कार्यालयबाट राजस्व संकलन हुँदै आएको छ । तर, यस शीर्षक अन्तर्गत संकलन भएको सबै राजस्व विभाज्य कोषमा दाखिला गरी प्रदेश र स्थानीय सरकारका बीचमा बाँडफाँट भएको देखिंदैन ।

यसका सम्बन्धमा बागमती प्रदेशको आर्थिक ऐन, २०८० बमोजिम बेजिल्ला र बेइलाका लिखत पारित बापतको रकम पूरै प्रदेश सञ्चित कोषमा राख्ने व्यवस्था गरेको छ । मधेश प्रदेशले सेवा शुल्क तथा रोक्का दस्तुर प्रदेश सञ्चित कोषमा राख्ने गरी कानुन व्यवस्था गरेको देखिन्छ तर अन्य प्रदेशमा यस किसिमको व्यवस्था देखिंदैन ।

यसर्थ, घरजग्गा रजिष्ट्रेशन शुल्क शीर्षकमा संकलन भएको सबै राजस्व विभाज्य कोषमा राखी प्रदेश र स्थानीय सरकारका बीचमा ऐनको प्रावधान अनुसार क्रमशः ४० र ६० प्रतिशतका दरले बाँडफाँट गर्ने विषय सुनिश्चित हुन आवश्यक छ। अन्तर–सरकारी वित्त व्यवस्थापन ऐनको प्रावधान बमोजिम मनोरञ्जन करको दर प्रदेशले तोक्ने र स्थानीय तहले राजस्व संकलन गरी विभाज्य कोषमा राख्ने प्रावधान छ। तर स्थानीय तहको क्षमता विकासमा प्रदेश सरकारले सहयोग गरी कर संकलन कार्यमा सहजीकरण गर्नुको सट्टा मधेश प्रदेशको आर्थिक ऐन, २०८० ले स्थानीय तहको व्यवस्थापन गर्ने क्षमता नभएसम्मका लागि मनोरञ्जन कर प्रदेश सरकारले लगाउने र उठाउने व्यवस्था गरेको छ । यस किसिमको प्रावधानले स्थानीय सरकारको अधिकारमाथि प्रदेशको अतिक्रमण भएको देखिन्छ ।

पर्यटन शुल्कलाई संविधानमा तीनै तहको साझा अधिकार सूचीमा राखिएको छ । बागमती प्रदेशको पर्यटन ऐन, २०७८ को दफा ३ (१) कसैले होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेस्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा वार सञ्चालन गर्न चाहेमा मन्त्रालय वा कार्यालय समक्ष तोकिएको वर्गीकरणमा दर्ता गर्नुपर्ने व्यवस्था गरेको छ भने सोही ऐनको दफा १० (१) कुनै

*बाँकी पृष्ठ ३ मा*

# वित्तीय अधिकार ....

व्यक्ति वा समुदायले घरवास (होमस्टे) सञ्चालन गर्न चाहेमा सम्बन्धित स्थानीय तहमा दर्ता गराएर मात्र सञ्चालन गर्न सक्ने प्रावधान गरेको छ ।

तर, काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ५ (व्यवसाय कर) सँग सम्बन्धित अनुसूची ७ को (ङ) मा होटल, पर्यटन तथा मनोरञ्जन व्यवसाय अन्तर्गत पाँचतारे होटल को रू.१ लाख र एकतारे होटलको रू.२० हजार व्यवसाय कर लगाउने प्रावधान गरेको छ। महानगरपालिकाको आर्थिक ऐन अनुसार व्यवसाय कर पूँजीगत लगानी, आर्थिक कारोबार, व्यवसायको प्रकृति र प्रकारका आधारमा कायम गरिएको र होटल, पर्यटन तथा मनोरञ्जन व्यवसायलाई यस अन्तर्गत समावेश गरी करको दर तोकिएको छ ।

अर्कोतर्फ, कर्णाली प्रदेशको आर्थिक ऐन, २०८० मा पर्यटन शुल्क कुन दरमा कसले संकलन गर्ने र बाँडफाँट कसरी गर्ने भन्ने विषय उल्लेख भएको देखिंदैन । यसरी हेर्दा पर्यटन शुल्क सम्बन्धी विषय पनि संघ, प्रदेश र स्थानीय सरकारका बीचमा के कस्तो अधिकार हुने भनी स्पष्ट पार्न जरूरी देखिएको छ । संघीय वन ऐन, २०७६ को दफा २२ अनुसार सामुदायिक वनबाट उपभोक्ता समूहको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास र संरक्षणमा खर्च गरी बाँकी रकमको कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँगको समन्वयमा गरिबी न्यूनीकरण र महिलाको सशक्तीकरणका क्षेत्रमा खर्च गरी बाँकी रकम उपभोक्ता समूहको हितमा प्रयोग गर्ने गर्ने व्यवस्था गरेको छ ।

मधेश प्रदेशको प्रदेश वन ऐन, २०७७ को दफा ५५ अनुसार वन पैदावार बिक्रीको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा ५० प्रतिशत र कम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्ने र त्यसपछि बाँकी रहेको र कम उपभोक्ताको हितमा प्रयोग गर्ने व्यवस्था गरेको छ ।

बागमती प्रदेशको प्रदेश वन ऐन, २०७६ को दफा ३८ (३) अनुसार समूहभन्दा बाहिर बिक्री वितरण गरिएको वनपैदावार (काठ र दाउरा) बिक्रीबाट प्राप्त रकमको १० प्रतिशत रकम सेवा शुल्क वापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने र उपदफा (४) अनुसार समूह भित्र खपत भएको वनपैदावार (काठ दाउरा) बिक्रीबाट प्राप्त रकमको ०.५ प्रतिशत रकम सेवा शुल्क वापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।

लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८० अनुसार वन पैदावार तथा वन क्षेत्रको नदीजन्य पदार्थको शुल्क बाँडफाँट सम्बन्धी विशेष व्यवस्था अन्तर्गत सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएका प्रदेशका सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम साल प्रजातिको काठ उपभोक्तालाई बिक्री गर्दा प्राप्त रकमको २५ प्रतिशत र सामुदायिक वन क्षेत्रमा रहेका खोला खोल्सीको व्यवस्थापन गर्दा संकलन हुने नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त रकममध्ये १० प्रतिशत रकम डिभिजन वन कार्यालयले सामुदायिक वन उपभोक्ता समूहको खातामा जम्मा गर्नुपर्नेछ । तर, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ

यसरी सामुदायिक वन उपभोक्ता समितिले वनपैदावार बिक्रीबाट संकलन गरेको राजस्व बाँडफाँटको सम्बन्धमा संघीय तथा प्रदेश वन ऐन र स्थानीय सरकार सञ्चालन ऐन बाझिएकोले यसमा सुधार हुन आवश्यक छ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (५) को 'घ' अनुसार (१) गाउँपालिका वा नगरपालिकाले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास, प्रवर्धन, व्यवस्थापन गर्ने र उद्यमशीलताको विकास र प्रवर्धन गर्ने व्यवस्था गरेको छ ।

संघीय औद्योगिक ऐनले घरजग्गा बाहेक बढीमा २० लाख रूपैयाँसम्म स्थिर पूँजी रहेकोलाई लघु उद्योग र १५ करोड रूपैयाँसम्म स्थिर पूँजी भएको उद्योगलाई साना उद्योगका रूपमा परिभाषित गरेको छ। तर, बागमती प्रदेशको आर्थिक ऐन, २०८० ले घरजग्गा बाहेक पाँच लाख रूपैयाँसम्मको स्थिर पूँजी भएको लघु उद्योगहरू स्थानीय तहमा दर्ता गर्न सक्ने व्यवस्था गरेको छ। यसरी, लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन गर्ने अधिकारमा पनि संकुचन भएको छ

वित्तीय संघीयतालाई साँच्चै नै संस्थागत गर्ने हो भने तीनै तहका सरकारहरूको खर्च जिम्मेवारी (खर्चको आवश्यकता) स्पष्ट गर्नु आवश्यक देखिन्छ। साथै, प्रदेश र स्थानीय तहको राजस्व क्षमताको सम्भाव्यता अध्ययन गरी खर्च जिम्मेवारी पूरा गर्न सक्ने गरी प्रदेश र स्थानीय तहलाई संघीय सरकारले अनुदान दिने व्यवस्था र अभ्यास सुनिश्चित गर्न आवश्यक छ । यो आजसम्म पनि हुनसकेको छैन । यसका लागि नेपाल सरकार अर्थ मन्त्रालय र संविधानतः अधिकारसम्पन्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग बढी जिम्मेवार हुन सक्नुपर्छ । यसैगरी, नेपाल सरकारको कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जन गर्ने उद्देश्यले प्रधानमन्त्रीको अध्यक्षतामा गठन भएको कार्यविस्तृतीकरण पुनरावलोकन सुझाव संकलन सम्बन्धी उच्चस्तरीय समितिले यस विषयमा गम्भीरताका साथ ध्यान पुऱ्याउन आवश्यक छ । किनकि, वित्तीय संघीयताको पूर्णरूपमा कार्यान्वयन गर्ने तीन तहका सरकारहरूको वित्तीय अधिकारका बारेमा स्पष्टता हुन अति आवश्यक छ । - *अनलाइनखबर साभार*

# जागिरे हुनुहुन्छ ? बदलौं यि व्यवहार

यो संसार अचम्मको छ । यहाँ करिब १ करोड २० लाख प्रजातिका जीवहरू विभिन्न किसिमले आ–आफ्नो जीवन चलाइरहेका छन् । तिनीहरूमध्येको सर्वश्रेष्ठ प्रजातिको रूपमा मानिसहरू रहेका छन् । सर्वश्रेष्ठ, बुद्धिमान ठानिएका अनेकौं किसिमका मानिस थरीथरीका जीवनशैली अपनाएर जीवन जिउने गरेका छन् । कसैले सानो–ठूलो आफ्नै व्यवसाय गरेका छन्। कसैले अरूको व्यवसायमा लगानी गरेका छन् । कोही सानोतिनो उद्यम गरी स्वरोजगारमा छन् । कसैले आफ्नो क्षमता वा प्राप्त अवसर अनुसार अरूका व्यवसायमा रोजगार गरेका छन् । कसैले आजकल समाजसेवा नामले चिनिने लाभदायक प्रतिफलमुखी राजनीति गरेका छन् । आयआर्जन गर्ने अधिकांश मानिस जीवन जिउने विविध कलामध्ये जागिरे (अरू कसैको व्यवसायमा आफ्नो जीवन निर्वाहको उपाय देख्ने) पेशा अपनाई आफ्नो आर्थिक जीवन बिताइरहेका छन् ।

विश्वभर लगभग ३ अर्ब ४० करोड मानिस अरूकोमा जागिर खान्छन् । त्यसमध्ये नेपालमा मात्र जागिरे पेशा अँगालेका ७० लाख ८६ हजार भन्दा बढी मानिस छन् । नेपालमा जागिर गर्नेहरूमध्ये ५ देखि ७ प्रतिशत मानिसले प्रशासकीय जिम्मेवारी पाउनुका साथै संस्थागत नीतिनियम बनाउने तहमा कार्यरत रहेका छन् । यस लेखमा म व्यवस्थापकीय, प्रशासकीय वा नीतिगत तहका कर्मचारीमध्ये लगभग ८० प्रतिशतमा रहन सक्ने वा रहेका कमजोरी, उनीहरूले देखाउने व्यवहार तथा ती कमजोरीहरूको निराकरणका विषयमा आफ्नो विचार प्रस्तुत गर्न गइरहेको छु ।

आजभोलि आफूले रोजेको होओस् वा बाध्यताले अपनाएको होस् आफू कार्यरत पेशा र आफ्नो पदलाई प्रतिष्ठित बनाउन, आफ्नो स्तर उच्चतम देखाउन, पाएको पदवी जोगाउन वा पदवी पाउने लालसामा मानिसले जागिरे जीवनमा विभिन्न व्यवहार देखाउने गरेको पाइन्छ । आफ्नो पेशामा दक्षता तथा निपुणता नभएकाहरूले समेत आफूलाई सो पेशा तथा पदमा निपुण देखाउन खोज्छन् । त्यसका लागि उनीहरूले यहाँ उल्लिखित गलत प्रयासहरू गर्ने वा भनौं गलत व्यवहार देखाउने गरेको पाइन्छ । त्यसको समाधानका केही सुझाव समेत प्रस्तुत गरेको छु ।

### अधिक कार्यबोझ लिने प्रयास गर्नु :

आफ्नो पेशामा निपुणता हासिल गर्न नसकेका मानिसहरू आफूले अनावश्यक कार्यबोझ लिने गर्छन् । सहकर्मीहरूसँग जिम्मेवारी बाँडफाँट गर्न हिच्किचाउँछन् । त्यसको दुईवटा कारण हुन्छन्– पहिलो आफूले भन्दा अरूले राम्रो गर्छ कि भन्ने डर हुन्छ भने दोस्रो अरूले आफूलाई फुर्सदिलो देख्छन् कि भन्ने पीर । यस्तो प्रयासले उनीहरूलाई धेरै आन्तरिक पीडा हुने गर्दछ ।

**समाधानः** अधिक कार्यबोझ हटाउनका लागि सहकर्मीहरूको क्षमता तथा रूचि अनुसार उनीहरूलाई जिम्मेवारी बाँडफाँट गर्ने, सहकार्य, आपसी सद्भावमा जोड दिने तथा सहकर्मीको सफलतामा रमाउने संस्कारको विकास गर्नुपर्दछ । आफ्नो समूहको उपलब्धि सबैमाझ देखाउने वातावरण निर्माण गर्नुपर्दछ ।

### अरुलाई दोष लगाउनु :

आफ्नो काममा अनिपुण मानिसले कुनै काम बिग्रिएमा त्यसको दोष आफूले लिन सक्दैनन् । जवाफदेहिता वहन गर्नुको साटो उल्टो फलानाले यसो गर्नाले, यस्तो नहुनाले, उस्तो नहुनाले भनेर अरूमाथि दोष थुपार्ने गर्दछन् ।

**समाधानः** अरूलाई दोषारोपण गर्ने प्रवृत्ति भन्दा आफ्नो कामको बारेमा आफूले दक्षता हासिल गर्ने, त्यसै अनुरूप सहकर्मीलाई सघाउने र उनीहरूको सफलतामा हौसला प्रदान गर्ने गर्नुपर्दछ ।

### सूक्ष्म व्यवस्थापन गर्न खोज्नु :

कमसल क्षमताका मानिसले अरूलाई विश्वास गर्दैनन् । अरू पनि आफू जस्तै कम क्षमताका छन् भन्ने सोच्दछन् र सबै क्रियाकलापहरू आफूद्वारा नै निर्देशित र नियन्त्रित हुनुपर्छ भन्ने मान्यता राख्दछन् । राम्रो आइडिया भए सिक्न र नराम्रो आइडिया भए दोषारोपण गर्नको लागि आफ्नो प्रत्यक्ष निगरानी बेगर केही पनि काम नहोस् भन्ने चाहन्छन् ।

**समाधानः** हरेक संगठन नियमित प्रक्रिया तथा प्रणालीबाट सञ्चालित हुन्छ । सबै कर्मचारीहरूको आआफ्नै काम, कर्तव्य, अधिकार र उत्तरदायित्व रहेको हुन्छ । त्यसैले सहकर्मीहरूले विशेष अवस्थामा बाहेक नियमित काममा आआफ्नो जिम्मेवारी पूरा गर्न सक्छन् भन्ने विश्वास गर्नुपर्दछ । तर सबै प्रकारका कार्यमा आफूले पनि सामान्य सीप तथा विशेष काममा निपुणता भने राख्नुपर्दछ । त्यसको लागि अन्तरवैयक्तिक सीप, सकारात्मक मनोविज्ञान तथा प्रभावकारी सञ्चारका लागि आवश्यक तालिम लिने गर्नुपर्दछ ।

### अधिक स्व-प्रवर्धन गर्नु :

कमसल विज्ञताका मानिसहरूले स–सानो उपलब्धिलाई पनि निकै ठूलो बढाइँचढाइ गर्छन्, कतिपय अवस्थामा सन्दर्भ नै नमिल्ने ठाउँमा पनि आफ्नो व्याख्या गर्ने गर्दछन् ।

**समाधानः** आफ्नो कार्यसम्पादन हेरेर उपयुक्त सुझाव लिनको लागि सम्बन्धित विषयका विज्ञबाट समय–समयमा अवलोकन गराउने गर्नुपर्दछ । आफ्नो कामको प्रशंसा अरूबाट हुने वातावरणको विकास गर्नुपर्दछ तथा अनावश्यक ठाउँमा अनावश्यक कुराहरूका बारेमा व्याख्या–विश्लेषण गर्ने गर्नुहुँदैन ।

*लेखकः मातृका अर्याल श्री जनहित मावि स्याङ्जाका शिक्षक हुन् ।*





# उपमहानगर प्रमुख लामा स्वदेश फिर्ता

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामा अफ्रिकी मुलुक रूवान्डामा भएको विश्व पानी संगठनको आयोजनामा भएको कार्यक्रममा सहभागी भएर फर्किएकी छिन् । नगरप्रमुख लामा ३० मंसिरमा स्वदेश फर्किएकी नगर प्रमुखको सचिवालयले जनाएको छ ।

फर्किएसंगै प्रमुख लामा नियमित काममा लागेकी छिन् । सरसफाई र पानीको संरक्षण र सुरक्षाको विषयमा अन्तर्राष्ट्रिय कार्यशालामा सहभागी भएर फर्किएको नगरप्रमुख लामाले जानकारी दिइन् । २४ मंसिरदेखि ४ दिने कार्यशालामा सहभागी हुन नगरप्रमुख लामालाई खानेपानी तथा सरसफाईको क्षेत्रमा क्रियाशील संस्था इन्फोले सहजीकरण गरेको थियो ।

४ दिने कार्यशालामा सहभागी हुँदा दिसाजन्य फोहरसहित फोहर व्यवस्थापन र पानीको सदुपयोग र संरक्षणको क्षेत्रमा काम गर्नुपर्ने विषयमा उल्लेखनीय जानकारी प्राप्त भएको नगरप्रमुख लामाले बताइन् ।

# जग्गा मुआब्जा मूल्य निर्धारण समितिलाई वडाध्यक्ष थिङद्वारा सहजीकरण

◆ विकास संवाददाता

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए नेपाल) द्वारा सञ्चालित ४०० के. भि. विद्युत् प्रसारण आयोजना अन्तर्गत पर्ने थाहा नगरपालिका वडा नम्बर ८ को विभिन्न क्षेत्रको २५ मंसिरमा अनुगमन भएको छ । उक्त आयोजना क्षेत्रमा पर्ने जग्गाहरूको मुआब्जाको विषयमा स्थलगत अनुगमन र छलफल भएको हो ।

आयोजना क्षेत्रको जग्गा मुआब्जा वितरणका लागि गठित मूल्य निर्धारण समिति मकवानपुरका पदाधिकारीहरूलाई थाहाका ८ नम्बर वडाध्यक्ष हेम कुमार थिङले सहजीकरण गरेका थिए । टोलीमा जिल्ला प्रशासन कार्यालय मकवानपुर, मालोपोत कार्यालय शिखरकोट, थाहा नगरपालिकालगायतका कार्यालयहरूको प्रतिनीधिहरूको सहभागिता रहेको थियो ।

एमसिए नेपालको परियोजना अन्तर्गत मकवानपुरको रातमाटे सवस्टेसदेखि नयाँ हेटौंडा सवस्टेसन खण्ड, थाहा नगरपालिका, कैलाश गाउँपालिका, राक्सिराङ गाउँपालिकाको क्षेत्रहरू पर्दछ । आयोजनाका लागि जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ को उपदफा १ बमोजिम प्रक्रिया अघि बढाइएको छ ।

# थाहानगरमा ७ विधामा २१ कृषकलाई नगद पुरस्कार, पहिलो हुनेलाई ३ हजार

◆ विकास संवाददाता

थाहा नगरपालिकाका ७ किसान विभिन्न सातै विधामा उत्कृष्ट भई पुरस्कृत भएका छन् । मकवानपुर थाहा नगरपालिकामा १४ मंसिरबाट शुरू भएको थाहा महोत्सवमा गरिएको कृषि मेला प्रदर्शनीमा सहभागी मध्ये ७ विधामा किसानहरू पुरस्कृत भएका हुन् ।

प्रदर्शनीमा सहभागी १ सय २५ किसानहरू मध्ये सात विधामा प्रथम, द्वितीय र तृतीय घोषणा गरी नगद पुरस्कार वितरण गरिएको थाहा नगरपालिका कृषि विकास शाखा प्रमुख सञ्जय तिवारीले जानकारी दिए । प्रदर्शनीमा राखिएका तरकारी मध्ये काउली तथा जरे तरकारी, फलफूल समूहको तरकारी बाली, कन्दमूल बाली, फलफूल बाली, आलु बिउ, अन्न बाली र अन्य विधाका तीन/तीन जनाका दरले पुरस्कार दिइएको हो ।

प्रतियोगिताका विजयसीहरूलाई थाहा नगरपालिकाका नगर प्रमुख विष्णुबहादुर विष्टले नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरेका हुन् । सबै बाली समूहमा क्रमशः प्रथम हुनले २ हजानर, तीयले १हजार चारसय र तृतीय हुनेले १ हजार नगद पुरस्कार पाएका हुन् । थाहा नगरपालिका कृषि विकास शाखाको आयोजनामा पुरस्कार वितरण कार्यक्रम भएको हो। कार्यक्रममा थाहा नगरपालिका प्रशासन महाशाखा प्रमुख नविन खालिङ राई, कृषि शाखा प्रमुख सञ्जय तिवारी, कृषि अधिकृत विकास सुनार, शाखा तथा वडा कार्यालयहरूमा कार्यरत कृषि प्राविधिकहरूको सहभागिता रहेको थियो ।

# मकवानपुरगढीमा अनुदानः कोदो खेती गर्ने किसान उत्साहित

◆ विकास संवाददाता



मकवानपुरगढीमा कोदो खेती गर्ने किसानहरू निकै उत्साहित भएका छन् । कोदो खेती गरेवापत स्थानीय सरकारले प्रोत्साहन स्वरूप थप रकम समेत दिने भएपछी कोदोको खेती गर्न किसानको आकर्षण पनि बढेको छ ।

मकवानपुरको मकवानपुर गढी गाउँपालिकाले पालिकाभित्र उत्पादन हुने रैथाने बालीको न्यूनतम समर्थन मूल्य निर्धारण गरेपछी किसानहरू खुसी भएका छन् । गाउँपालिकाले कोदो र धान कोदो प्रति केजी ५४, फापरको प्रतिकेजी सय र जुनेलोको प्रतिकेजी ८४ रुपियाँ हुने गरी न्यूनतम समर्थन मूल्य निर्धारण गरेको हो। त्यसपछी किसानहरूले उत्पादन गरेको कोदो बिक्री गर्न थालेका हुन् ।

यही क्रममा मकवानपुरगढी गाउँपालिका वडा नम्बर- ४ कालीखोला स्थित अपाङ्ग तथा विपन्न कृषि सहकारी संस्था लिमिटेडले त्यस क्षेत्रमा कृषकहरूबाट उत्पादित कोदो खरिद गरी संकलन गर्न शुरूवात गरेको छ । सहकारी संस्थाले गाउँपालिकाबाट तोकिएको मूल्यमा अनुदान रकम समेत थप गरि प्रति केजी ६० रूपैंयाको दरले कोदो खरिद गरिएको सहकारीका अध्यक्ष दिल वहादुर योन्जनले जानकारी दिए । कोदो संकलनको पहिलो दिन ११ जना कृषकहरूबाट १५ सय केजी भन्दा बढी खरिद भएको सहकारीका सचिव कृष्ण बहादुर घलानले बताए । कोदो बिक्री गर्ने कृषकहरू मध्ये मकवानपुरगढी ४ का कृषक सुकुम बहादुर घलानले सबैभन्दा धेरै ५ सय केजी कोदो बिक्री गरेका हुन् ।

मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान र वडा नम्बर ४ का वडा अध्यक्ष अर्जुन प्रसाद तिमिल्सिनाको उपस्थितिमा कोदो खरिद तथा संकलनको कार्य शुरूवात गरिएको हो । गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले ८६ वर्षीय कृषक बीर बहादुर योन्जनलाई चेक हस्तान्तरण गरी कोदो खरिदको कार्य शुरूवात गरेका थिए । अपाङ्ग तथा विपन्न कृषि सहकारी संस्थाले गाउँपालिकाको सहयोगमा गत वर्ष देखि कालीखोला ब्रान्डको कोदो पिठो प्याकेजिङ्ग गरी बजारमा बिक्री गरिरहेका छन् ।

# हेटौंडा क्याम्पसलाई क्यूएए प्राप्त

◆ विकास संवाददाता

हेटौंडा ४ मा रहेको हेटौंडा क्याम्पसले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्युएए) प्राप्त गरेको छ । विश्वविद्यालय अनुदान आयोग गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्युएए) प्रक्रियामा सहभागी भई सबै चरण पार गरी शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्को सिफारिसअनुसार क्याम्पसलाई क्युएए प्राप्त गरेको हो ।

भक्तपुर स्थित आयोगको कार्यालयमा भएको कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राध्यापक डा. देवराज अधिकारीले हेटौंडा क्याम्पस सञ्चालक समितिका अध्यक्ष आनन्दाराम पराजुलीलाई क्युएए प्रमाणपत्र प्रदान गरेका थिए । क्याम्पस समितिका अध्यक्ष पराजुलीले क्याम्पसले प्राप्त गरेको




उपलब्धी जोगाइराख्न अब क्याम्पस थप सशक्त ढङ्गबाट अघि बढ्न आवश्यक रहेको बताए । विश्वविद्यालय अनुदान आयोगले क्युएए प्रदान गर्ने क्रममा सामुदायिक क्याम्पसको हकमा क्षमता विकास तथा भौतिक संरचना सुधारका लागि अनुदान समेत दिने गरेको छ । क्युएए प्राप्तिकै क्रममा हेटौंडा क्याम्पसले आयोगबाट भवन निर्माणका लागि अनुदान समेत प्राप्त गरेको छ ।

क्युएए प्रमाणपत्र वितरण गर्ने कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका उपकुलपति शिवलाल भुसाल, हेटौंडा क्याम्पसका कार्यवाहक प्रमुख बालकृष्ण शर्मा, निवर्तमान क्याम्पस प्रमुख देवचन्द्र मानन्धर, हेटौंडा क्याम्पस सञ्चालक समितिका निवर्तमान अध्यक्ष मुनु सिग्देल र क्याम्पस सञ्चालन समितिका पदेन सदस्य एवम् हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देल, पब्लिक क्याम्पस प्राध्यापक संघ हेटौंडा क्याम्पस इकाईका अध्यक्ष भुपेन्द्र कोइरालाको पनि उपस्थिति रहेको थियो । शिक्षा, मानविकी र व्यवस्थापन संकाय अध्ययन अध्यापन हुने हेटौंडा क्याम्पसमा अहिले १ हजार ५ सय भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

मकवानपुर जिल्लामा मकवानपुर बहुमुखी क्याम्पस र हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसले क्युएए प्राप्त गरिसकेको छ ।

हेटौंडा उपमहानगरपालिका ११ नम्बर वडाको सार्वजनिक सन्देश

तपाईंको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध बिच्छेद लगायतका घटनाहरू समयमै सम्बन्धित वडा कार्यालयहरूमा गई दर्ता गराउन हुन समस्त नगरबासीमा अनुरोध गर्दछौं ।

हेटौंडा उपमहानगरपालिका, ११ नम्बर वडा कार्यालय, मकवानपुर

अब हाम्रै थाहानगरको ओखरबजारमै

छपाईको शुभारम्भ

फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...

अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार

AARAV creation

DESIGN•FLEX PRINT•PHOTOGRAPHY

Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरू

- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

## बज्रवाराही खानेपानीको साधारणसभा

# जग्गादातालाई सम्मान




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ६ मा रहेको बज्रवाराही वृहत खानेपानी तथा सरसफाई आयोजनाको प्रथम साधारणसभा भएको छ । थाहा नगरपालिका वडा नम्बर ६ को कार्यालय परिसरमा साधारणसभा भएको हो ।

थाहानगर खानेपानी व्यवस्थापन बोर्डका सुरज कुमार भुजेलको प्रमुख आतिथ्यतामा भएको सभाको विशेष अतिथी ६ नम्बर वडाका पूर्व वडाध्यक्ष तथा खानेपानी बोर्डका संस्थापक सदस्य शशीधर सुवेदीको विशेष आतिथ्यतामा भएको थियो । कार्यक्रममा प्रमुख अतिथी भुजेलले नगरका सबै खानेपानी आयोजनाहरूलाई एकीकृत रूपमा बोर्ड मार्फत व्यवस्थापन गर्न नीतिगत रूपमै प्रक्रिया अघि बढाइएको बताए । उनले नगरबासीहरूलाई सर्वसुलभ र स्वच्छ खानेपानी वितरणका लागि बोर्डले काम गर्ने सुनाए । 'हाल उपभोक्ताहरूले पाउँदै आएको सेवामा कमी नगरी थप सुविधा दिन सकिने गरी बोर्ड मार्फत खानोपानी आयोजनालाई व्यवस्थित गरिनेछ'–भुजेलले भने ।

कार्यक्रमका विशेष अतिथी शशीधर सुवेदीले वडाबासीले निकै दुःखका साथ निर्माण सम्पन्न भएको योजना स्थानीयकै सम्पत्ती भएको बताए । सुवेदीले खानेपानी आयोजनाको दीगो व्यवस्थापनका लागि स्थानीय सरकार जिम्मेवार हुनैपर्ने उल्लेख गरे । अहिलेसम्म उपभोक्ताहरूले व्यवस्थापन गर्दै आएको योजनालाई थप व्यवस्थित गर्न नगरपालिकाकै संरचनाको रूपमा रहेको खानेपानी व्यवस्थापन बोर्डलाई जिम्मेवार बनाइ सहज र स्वच्छ खानेपानी विरणको व्यवस्था मिलाउन आग्रह गरे । सानोतिनो मर्मत सुधारका काम उपभोक्ताहरूले गर्दै आएको बताउँदै सुवेदीले भने–'आयोजनामा ठूलो क्षति हुन पुगे नागरिकलाई पानी खुवाउने दायित्व नगरकै हुन्छ, त्यसैले खानेपानीको दीगो व्यवस्थापनतर्फ नगरपालिकाले ध्यान दिनै पर्छ ।'

बज्रवाराही वृहत खानेपानी तथा सरसफाई आयोजनाका अध्यक्ष चित्र बहादुर बलामीको अध्यक्षतामा भएको कार्यक्रम सचिव सुविनभक्त श्रेष्ठले सञ्चालन गरेका थिए । सभाले अध्यक्ष बलामीको प्रगती प्रतिवेदन, कोषाध्यक्षको आम्दानी खर्चको प्रतिवेदन पास गरेको छ ।

सभाले पुनः चित्र बहादुर बलामीको अध्यक्षतामा नयाँ समिति सर्वसम्मत पुर्नगठन गरेको छ । समितिको सचिव सविन भक्त श्रेष्ठ, कोषाध्यक्ष जानकी श्रेष्ठ, सदस्यहरू सुर्य बहादुर श्रेष्ठ, भरत गोपाली, रमिता बलामी, सुभद्रा महर्जन, नकुल बलामी, सोनु श्रेष्ठलगायत चयन भएका छन् । कार्यक्रममा समिति अन्तर्गतका कर्मचारीहरू तथा उपभोक्ताहरूको उपस्थिती रहेको थियो ।

साधारणसभाको अवसरमा खानेपानी आयोजना निर्माणका लागि निःशुल्क जग्गा उपलब्ध गराउनुहुने सुर्य बहादुर श्रेष्ठलाई सम्मान गरिएको थियो । साधारणसभामा आयोजनालाई दीगो व्यवस्थापनका लागि थाहानगर खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गर्ने छलफल भएको छ । त्यस्तै बक्यौता महशुल पौष महिनाभित्रमा भुक्तानी नगर्ने ग्राहकको खानेपानी धाराको लाइन काट्ने समेत निर्णय गरेको छ । कार्यक्रममा साना किसान कृषि सहकारी संस्थाका व्यवस्थापक ध्रुर्वप्रसाद विडारीलगायतकाको आतिथ्यता रहेको थियो । साधारणसभासंगै भएको उपभोक्ताहरूसंगको छलफलमा उठेका सवालहरूमा ६ नम्बर वडाका पूर्व अध्यक्ष शशीधर सुवेदी, समितिका अध्यक्ष चित्रबहादुर बलामी, सचिव सुविन भक्त श्रेष्ठ तथा खानेपानी बोर्डका सुरज कुमार भुजेल लगायतले सहजीकरण गरेका थिए ।

# ईन्द्रायणी मन्दिरमा बासुकी नागको मुर्ती स्थापना



◆ विकास संवाददाता

नेपाल भुतपुर्व सैनिक संघ मकवानपुरले पालुङको शक्तिपिठको रूपमा रहेको ईन्द्रायणी माईको मन्दिरमा बासुकी नागको मुर्ती स्थापना गरेको छ ।

३० मंसिरमा पण्डितहरूबाट होम अनुष्ठान सहित मन्दिरमा नागको मुर्ति स्थापना गरिएको हो । ईन्द्रायणी देवीको मुल मुर्तिमा पनि बाशुकी नागसहित रहेकोले देवीको मन्दिरमा पनि नागको मुर्ति राखिएको भुतपुर्व सैनिक संघ मकवानपुरका अध्यक्ष कमल कुमार केसीले बताए ।

मुर्ति प्रतिष्ठित गर्ने कार्यमा ईन्द्रायणी काला भैरव गूठी समिती, सहित ईन्द्रायणी बस्तिबाट बाजा सहित पुरोहितहरू सहभागी थिए ।

# स्वर्गिय आफन्तको सम्झानामा बस्नेत परिवारले बनाए चौतारो



◆ विकास संवाददाता

थाहा नगरपालिका १० बिसिङ्खेलमा स्वर्गिय आफन्तको सम्झानामा स्थानिय बस्नेत परिवारले चौतारो निर्माण गरेका छन् ।

बिसिंखेलको धाराचौरमा स्वोर्गिय हजुर आमा कान्छी बस्नेत र काका पुरूषोत्तम बस्नेतको स्मृतिमामा हजुर बुबा लालित बहादुर बस्नेत, बुबा लक्ष्मण बस्नेत काका हरिबल बस्नेत साथै नातिहरू अर्जुन बस्नेत, राजु बस्नेत र अमृत बस्नेतले चौतारो निर्माण गरेका हुन् ।

निर्माण गरिएको एक कार्यक्रम आयोजना गरि सहयात्री समाज सेवा गुठिलाई हस्तान्तरण गरिएको छ । स्व. हजुरआमा र स्व.काका को पुण्यस्मृतिमा एक लाख दिप प्रज्वलन पूजा गरी थाहा नगरपालिका थाहा नगरपालिकाका प्रमुख उपप्रमुख वडा अध्यक्षहरू लगायतको उपस्थितिमा धुपिको विरूवा रोपी सहयात्री समाज सेवा गुठीलाई हस्तान्तरण गरिएको हो ।

# जनकल्यणमा नेशनल सस्टेनएवल टुरिजम क्लब गठन

◆ विकास संवाददाता

टुरिजम रिसर्च एण्ड ट्रेनिङ इन्स्टिच्युट र नेपाल टुरिजम बोर्ड तथा सस्टेनएवल टुरिजम फर लिभिङउड रिकभरी प्रोजेक्ट युएनडिपीको संयुक्त कार्यक्रम अन्तर्गत जनकल्याण माविमा ११ सदस्यीय नेशनल सस्टेनएवल टुरिजम क्लब गठन गठन भएको छ ।

विद्यालयका प्रधानाध्यापक सानोभाइ कार्कीको संयोजकत्वमा क्लव गठन गरिएको हो । जस्को सदस्य गरूमा रामकुमार बल क्लव संयोजक, विवेक कुमार जैसवाल क्लव प्रीफेक्ट्, र सदस्यहरूमा विराज बिक, युनिसा डिमडुङ, आइशा बल, अजविर कार्की, स्मिती तामाङ, आदित्य कुवँर, प्रियतना स्याङ्तान र हिशिला श्रेष्ठ रहेका छन् ।





विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजिवकुमार स्याङ्तानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि जिटिटिपि नेपालका निर्देशक मदन कुमार बराल, विशिष्ट अतिथि टिआरटिआइका कार्यक्रम निर्देशक सरोज प्याकुरेल अतिथि प्राध्यापक सानोभाइ कार्की, सहायक प्राधानाध्यापक कृष्ण बहादुर विष्ट र मनोज रायमाझी रहेको कार्यक्रम शशीकला काफ्लेले कार्यक्रम सहजीकरण गरेकी थिइन् ।

कार्यक्रममा विद्यालय पर्यटन सूचना अन्तर्गत बागमती प्रदेशको पर्यटन र सम्भावना बिषयक वक्तृत्वकलाको समेत आयोजना गरिएको विद्यालयका सहायक प्रधानाध्यापक मनोज रायमाझीले जानकारी दिए ।

*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।*

– विकास खबरपत्रिका




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# दुईवटा निजी अस्पतालबाट सामाजिक सुरक्षा कोषको सुविधा पाइने

◆ विकास संवाददाता

मकवानपुरका दुईवटा निजी अस्पतालबाट सामाजिक सुरक्षा कोषको सुविधा पाइने भएको छ । मकवानपुरका दुईसहित देशभरका ७१ वटा अस्पतालले कोषको सुविधा दिने भएको हो । सामाजिक सुरक्षा कोषले योगदानकर्ताको सुविधाका लागि हालसम्म देशभरका ७१ वटा अस्पतालसँग अनलाइन सम्झौता गरेको छ । सम्झौतासँगै कोषको योगदानकर्ताले उपचारपछि कोषको कार्यालयमा पुगेर दाबी भुक्तानी लिनु नपर्ने भएको छ ।

सामाजिक सुरक्षा कोषको सुविधा दिने मकवानपुरका दुईवटा अस्पतालमा हेटौंडा–११ थानाभञ्याङमा रहेको चुरेहिल अस्पताल प्रालि र १ नम्बर वडास्थित मकवानपुर सहकारी अस्पताल रहेको कोषको सहप्रवक्ता रोहित रेग्मीले जानकारी दिए । योगदानकर्ताले उपचार पछि कोषको कार्यालयमा पुगेर दाबी भुक्तानी लिनु नपर्ने गरी देशभरका ७१ अस्पतालसँग अनलाइन सम्झौता गरिएको कोषको सह–प्रवक्ता रेग्मीले बताए । सम्झौता भएका अस्पताल अन्तर्गत अनलाइन सेवा सञ्चालन भएका अस्पतालबाट कोषले उपलब्ध गराएका औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना सेवा लिँदा लाभग्राहीले उपचार गर्दा लागेको रकमको २० प्रतिशत मात्र बुझाए पुग्ने उनको भनाइ छ ।

दुर्घटना तथा अशक्तता सुरक्षा योजनाअन्तर्गतका स्वास्थ्य सुविधा लिँदा लाभग्राहीले तोकिएको सीमाभित्र रही कुनै पनि भुक्तानी गर्नु नपर्ने उनको भनाई छ । २०७९ फागुन १ यता देशभरका विभिन्न स्थानमा अनलाइन (लाइभ) सम्झौता भएका छन् ।

जसमध्ये हालसम्म ७१ अस्पतालबाट औषधि उपचारबापतको सुविधा भुक्तानी हुनेछ । त्यसबाहेकका स्थानमा जुनसुकै अस्पतालमा उपचार गर्दा कोषको कार्यालयमा आवश्यक कागजात बुझाएर दाबी गर्नुपर्ने उनको भनाई छ । आगामी दिनमा अस्पतालको आबद्धतालाई संख्यात्मक र गुणात्मक रूपमा बढाउँदै लैजाने प्रतिबद्धता कोषले जनाएको छ ।

# बकैयामा डिजिटल हाजिरी सुरू

◆ विकास संवाददाता

मकवानपुरको बकैया गाउँपालिकाले डिजिटल हाजिरी सुरू गरेको छ । गाउँपालिकाले ढया हाजिरी रजिस्टर हटाएर ई–हाजिरीमा ल्याप्चे लगाउन सुरू गरेको हो ।

पालिका मातहतका सबै कर्मचारीले अब ई–हाजिरी गर्छन् । ई–हाजिरीमा कर्मचारी कतिबेला उपस्थिति भए, कति बेला बिदा भए सबै देख्न सकिने बकैया गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले बताए । 'पालिका भित्र सुशासन र पारदर्शिता कायम गर्न पालिकाको कार्यालय, १२ वटै वडा कार्यालय, स्वास्थ्य संस्थामा रहेका सबै कर्मचारीको लागि ई–हाजिरीको व्यवस्था गरेका छौं,'–प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले भने ।

उनले कर्मचारीको अनुपस्थितिको कारणले सेवाग्राहीको काममा कुनै पनि समस्या नदेखियोस र कर्मचारीहरू कार्यालय समय भित्र कतै जान नसकुन भनेर यो प्रविधि लागू गरिएको जानकारी दिए । कर्मचारीले विदा लिनको लागि छुट्टै निवेदन लेखेर कार्यालय प्रमुखसँग पुग्नु पर्ने बाध्यता पनि हटेको छ । सबै कर्मचारीको लागि छुट्टाछुट्टै पासवर्ड व्यस्था गरिएको र त्यहीँबाट आफ्नो विदाको निवेदन पठाउन सकिने प्रणालीको व्यवस्था मिलाइएको पालिका सूचना अधिकारी सन्तोष पाण्डेले जानकारी दिए ।


## प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं !

– प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन ।
– यसले जमिन तथा जल प्रदुषण गर्दछ ।
– प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ ।
– प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदुषित हुन्छ ।
– खोलानाला वा समुन्द्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ ।

*त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड



## बालअधिकारप्रति संवेदनशील बनौं ।

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकास र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

**बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।**

हेटौडा उपमहानगरपालिका
३ नंम्बर वडा कार्यालय
बसामाडी, हेटौडा, मकवानपुर



## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी